# सिड इनर्जी लिमिटेड

**जावलाखेल, ललितपुर**

**फोन नं. ०१-५९१२२८३, इमेल:** info@seedenergy.com.np, **बेबसाइट :** seedenergy.com.np

**को**

## तेस्रो वार्षिक साधारण सभा बस्ने बारेको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८१/०६/१६)**

यस सिड इनर्जी लिमिटेडको मिति २०८१/०६/१५ गतेका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको तेस्रो वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**

मिति: २०८१ साल कार्तिक ०९ गते शुक्रबार तदनुसार २५ अक्टोबर, २०२४

समय : दिनको २:०० बजे

स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, जावलाखेल ललितपुर ।

**छलफलको विषयसूचिहरु :**

**क. सामान्य प्रस्तावहरु:**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षण प्रतिवेदन सहितको २०८१ आषाढ मसान्त सम्मको वासलात, सोही मितिमा समाप्त भएको आ. व. २०८०/०८१ को नाफा/नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण र सो संग सम्बन्धित अनुसूचिहरु उपर छलफल गरी पारित गर्ने ।

३) सञ्चालक समितिले आ. व.२०८०/०८१ मा गरेका निर्णयहरु तथा कार्यहरुको अनुमोदन गर्ने ।

४) आर्थिक वर्ष २०८१/०८२ को लेखा परीक्षण गर्नकालागि लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बहालवाला लेखापरीक्षक पुन: नियुक्तिकालागि योग्य हुनुहुन्छ ।)

५) स्वतन्त्र संचालकको नियुक्ति अनुमोदन गर्ने ।

**ख. विविध**

१) सार्वजनिक निष्काशन निरन्तरता सम्बन्धमा ।

........................

संचालक समितिको आज्ञाले

**कम्पनी सचिव**

**सभासम्बन्धी थप जानकारी**

१. सभामा भाग लिने प्रत्येक सेयरधनी माहनुभावहरुले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा हस्ताक्षर गर्नु पर्नेछ । हाजिरी पुस्तिका सभा शुरु हुनु भन्दा कम्तिमा १ घण्टा अगावैबाट खुला रहनेछ । अन्य जानकारीका लागी कम्पनीको कार्यालय जावलाखेल, ललितपुरमा सम्पर्क गर्न सकिने छ ।

२. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरुले सभा सुरु हुनुभन्दा ४८ घन्टा अगाडि नै कम्पनीको रजिष्टर्ड कार्यालय जावलाखेल, ललितपुरमा दर्ता गराई सक्नु पर्ने छ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति पनि कम्पनीको शेयरधनी हुनु पर्नेछ ।

३. प्रतिनिधि (प्रोक्सी) प्रदान गर्ने सेयरधनी आफैं सभामा उपस्थित भएमा त्यस्तो प्रतिनिधि ( प्रोक्सी) स्वत: बदर भएको मानिने छ ।

४. साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक भएमा कम्पनीको फोन नं.०१-५९१२२८३ मा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन अनुरोध छ ।